# माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खास्ताप, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल


पत्र संख्या : २०८१/८२

च.नं. :

मिति: २०८२/०२/१६

**श्री जो जस सँग सम्बन्धित छ ।**

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

सोलुखुम्बु जिल्ला माप्य दुधकोशी गाउँपालिका अन्तर्गत श्री हिमालय माध्यमिक विद्यालय, खास्तापमा रिक्त रहेको मा.वि. तह सामाजिक विषयको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाईदिन भनि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको च.नं ०६ मिति २०८२/०२/०५ को पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित बिद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै निर्देशिकाको दफा १२ बमोजिमका सरुवाको लागि आवश्यक कागजातहरु समेत निवेदनको साथ समावेश गर्नुपर्नेछ ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको ईमेल ठेगाना himalaysecondaryschool1110@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिने छ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही गरिने छैन ।

सम्पर्क नं (प्र.अ.) : ९८४१५६७००५

गजेन्द्र भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सल्लेरी, सोलुखुम्बु
श्री हिमालय माध्यमिक विद्यालय, माप्य दुधकोशी गाउँपालिका-३,खास्ताप, सोलुखुम्बु ।